नेपाल सरकार

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

## कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने (७५ प्रतिशत) शिक्षक बढुवाको

## सूचना - २०७८

**(प्रथम पटक प्रकाशित मितिः २०७८।१०।१२)**

सामुदायिक विद्यालयमा देहायका जिल्ला, तह र श्रेणीमा रिक्त रहेका शिक्षक पदहरुमा कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकाले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २७ बमोजिम बढुवाको निमित्त सम्भाव्य उम्मेदवारहरूले यस आयोगबाट निर्धारित दरखास्त फाराम भरी मिति २०७८ फाल्गुण १७ गतेभित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ मार्फत दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको म्यादभित्र दरखास्त पेश हुन नआएमा त्यस्तो दरखास्त उपर कारवाही गरिने छैन ।

| क्र.सं. | जिल्ला | सूचना नं. १/०७८/७९ प्राथमिक द्वितीय पदसङ्ख्या | सूचना नं. २/०७८/७९ प्राथमिक प्रथम पदसङ्ख्या | सूचना नं. ३/०७८/७९ नि.मा. द्वितीय पदसङ्ख्या | सूचना नं. ४/०७८/७९ नि.मा. प्रथम पदसङ्ख्या | सूचना नं. ५/०७८/७९ मा. द्वितीय पदसङ्ख्या | सूचना नं. ६/०७८/७९ मा. प्रथम पदसङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश नं. १** | | | | | | | |
| १ | ताप्लेजुङ | ३६ | ५ | १८ | २ | ६ | १ |
| २ | पाँचथर | ४९ | ६ | १२ | १ | ५ | ० |
| ३ | इलाम | ११ | २ | ८ | १ | ६ | २ |
| ४ | झापा | ३७ | १५ | ६ | २ | १५ | ४ |
| ५ | सङ्खुवासभा | ६३ | ९ | १३ | १ | ७ | २ |
| ६ | तेह्रथुम | २५ | १ | १२ | १ | ४ | १ |
| ७ | धनकुटा | २४ | ७ | १० | ० | ६ | १ |
| ८ | भोजपुर | २१ | ७ | ८ | २ | ६ | २ |
| ९ | मोरङ | १५ | १० | ५ | १ | ६ | ५ |
| १० | सुनसरी | ११ | २ | ६ | २ | ६ | ३ |
| ११ | सोलुखुम्वु | ६ | २ | ४ | १ | २ | ० |
| १२ | खोटाङ | ११ | ४ | ४ | ० | ७ | १ |
| १३ | ओखलढुङ्गा | १२ | २ | ३ | १ | ५ | १ |
| १४ | उदयपुर | २१ | ५ | ४ | ० | ५ | २ |
| **मधेश प्रदेश** | | | | | | | |
| १५ | सप्तरी | १२ | १ | ० | ० | २ | १ |
| १६ | सिरहा | ९ | ७ | ४ | ० | ६ | १ |
| १७ | धनुषा | १२ | १ | १२ | १ | ४ | ० |
| १८ | महोत्तरी | ७ | ५ | १ | ० | १ | ० |
| १९ | सर्लाही | ५ | २ | १ | ० | २ | ० |
| २० | रौतहट | ६१ | १० | ३ | १ | १२ | २ |
| २१ | वारा | ४२ | ९ | १८ | २ | १३ | १ |
| २२ | पर्सा | १२ | २ | २ | २ | ३ | १ |
| **वागमती प्रदेश** | | | | | | | |
| २३ | दोलखा | ४६ | १० | ५ | ० | ५ | १ |
| २४ | रामेछाप | ३८ | ३ | १ | १ | ४ | २ |
| २५ | सिन्धुली | ५४ | ७ | ९ | ० | ७ | २ |
| २६ | सिन्धुपाल्चोक | ३० | ६ | ५ | १ | ४ | २ |
| २७ | रसुवा | ४ | ३ | ३ | ० | ३ | ० |
| २८ | नुवाकोट | ३९ | ८ | ४ | १ | ८ | १ |
| २९ | धादिङ | १६ | ६ | ६ | ४ | ७ | २ |
| ३० | काभ्रेपलाञ्चोक | ९ | २ | ३ | ० | ४ | १ |
| ३१ | भक्तपुर | ४ | ३ | २ | १ | २ | १ |
| ३२ | काठमाडौं | १६ | ११ | ४ | ८ | ४६ | ४ |
| ३३ | ललितपुर | ६ | ५ | ० | ३ | १४ | २ |
| ३४ | मकवानपुर | १६ | ५ | ६ | १ | ९ | २ |
| ३५ | चितवन | १७ | ६ | ६ | २ | ६ | ३ |
| **गण्डकी प्रदेश** | | | | | | | |
| ३६ | नवलपरासी पूर्व | ९ | ७ | २ | ० | ३ | १ |
| ३७ | गोरखा | ५० | १० | ७ | २ | ५ | ० |
| ३८ | मनाङ | ० | ० | ३ | ० | ० | ० |
| ३९ | लमजुङ | ६६ | ३ | ९ | ० | ५ | १ |
| ४० | कास्की | १२ | ४ | ५ | ० | ६ | ५ |
| ४१ | तनहुँ | २१ | ४ | ५ | ३ | ७ | ३ |
| ४२ | स्याङ्जा | ० | ८ | २३ | ३ | २० | २ |
| ४३ | मुस्ताङ | ० | ० | २ | ० | २ | ० |
| ४४ | म्याग्दी | ९ | ३ | ३ | १ | ३ | ० |
| ४५ | वागलुङ | ३४ | ८ | ८ | २ | १३ | २ |
| ४६ | पर्वत | ४८ | ८ | १३ | २ | ७ | १ |
| **लुम्बिनी प्रदेश** | | | | | | | |
| ४७ | रुकुम पूर्व | ११ | ० | २ | ० | ३ | ० |
| ४८ | नवलपरासी पश्चिम | ० | १ | ० | १ | ८ | २ |
| ४९ | पाल्पा | ३३ | ६ | १ | ० | ८ | ३ |
| ५० | गुल्मी | २१ | १२ | ५ | १ | ८ | ३ |
| ५१ | अर्घाखाँची | १२ | ६ | ५ | १ | ६ | ३ |
| ५२ | रूपन्देही | ५ | ९ | ६ | ० | ९ | ३ |
| ५३ | कपिलवस्तु | ३ | ३ | २ | १ | ३ | ० |
| ५४ | रोल्पा | २६ | ५ | ७ | ० | ३ | ० |
| ५५ | प्यूठान | १५ | ६ | ० | २ | ० | १ |
| ५६ | दाङ | ५ | १ | १ | १ | ४ | २ |
| ५७ | वाँके | ६ | ६ | १ | १ | २ | १ |
| ५८ | बर्दिया | २० | ३ | ४ | १ | २ | २ |
| **कर्णाली प्रदेश** | | | | | | | |
| ५९ | रुकुम पश्चिम | ९ | १ | ३ | १ | ० | ० |
| ६० | सल्यान | ३ | ५ | ३ | २ | ७ | ० |
| ६१ | हुम्ला | ९ | २ | ४ | १ | १ | ० |
| ६२ | मुगु | ३ | २ | १ | ० | ३ | ० |
| ६३ | डोल्पा | ४ | २ | ५ | १ | १ | ० |
| ६४ | कालिकोट | ३ | ३ | १ | ० | ३ | ० |
| ६५ | जुम्ला | २ | १ | १ | ० | ० | ० |
| ६६ | जाजरकोट | २ | २ | ० | ० | ० | ० |
| ६७ | दैलेख | ३ | १ | १ | १ | ३ | ० |
| ६८ | सुर्खेत | ६ | ३ | ३ | ० | ३ | १ |
| **सुदूरपश्चिम प्रदेश** | | | | | | | |
| ६९ | वाजुरा | ३ | २ | २ | ० | १ | ० |
| ७० | बझाङ | ३ | ४ | १ | ० | ३ | १ |
| ७१ | अछाम | १ | १ | ११ | ० | ४ | ० |
| ७२ | डोटी | ११ | ३ | ३ | ० | ३ | १ |
| ७३ | कैलाली | ८ | ३ | ३ | ० | ४ | १ |
| ७४ | दार्चुला | ११ | ४ | १ | ० | २ | ० |
| ७५ | बैतडी | ९ | ५ | २ | ० | ४ | १ |
| ७६ | डडेल्धुरा | ६ | ५ | १ | ० | ३ | ० |
| ७७ | कञ्चनपुर | ८ | ४ | ४ | ० | ३ | ० |
| **कुल जम्मा** | | १३०७ | ३५५ | ३७२ | ७१ | ४२३ | ९४ |

**१. उम्मेदवार हुनका लागि न्यूनतम योग्यता :-**

२०७७ चैत्र मसान्तसम्म सम्बन्धित तहको श्रेणीमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्नेछ। योग्यता माध्यमिक तहको हकमा स्नातक तह वा सो सरहको परीक्षा, निम्न माध्यमकि एवंम् प्राथमिक तहको हकमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा सम्बन्धी विषयमा कम्तीमा १० महिने तालीम लिएको । तर शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ९ को उपनियम (५) अनुसार २०६८ श्रावण १ गतेभन्दा अगाडी प्राथमिक तहमा स्थायी नियुक्ती भएकाको हकमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिना वा सो सरहको तालीम लिएको वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको ।

तर देहायको अवस्थामा कुनै पनि शिक्षक बढुवाको लागि उम्मेदवार हुन पाउने छैन :

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख) बढुवा रोक्का गरिएकोमा रोक्का भएको अवधिभर,

ग) तल्लो पदमा घटुवा गरेकोमा घटुवा भएको मितिले दुई वर्षसम्म,

घ) तलव वृध्दि (ग्रेड) रोक्का भएकोमा रोक्का भएको मितिले एक वर्षसम्म ।

तर गयल भएको वा असाधारण बिदा लिएको भए सो अवधि कट्टा गरी कम्तिमा पाँच शैक्षिक सत्र पूरा भएको हुनुपर्नेछ ।

**२. दरखास्त साथ अनिवार्य रूपमा संलग्न हुनुपर्ने प्रमाणित कागजातहरू :-**

क) सम्बन्धित तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) र प्रमाणपत्रको प्रतिलिपि ।

ख) तोकिएको न्यूनतम योग्यता भन्दा एक तह माथिल्लो तहको शैक्षिक योग्यता भए लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) र प्रमाणपत्रहरूको प्रतिलिपि ।

ग) विदेशी शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

घ) स्थायी नियुक्तिपत्रको प्रतिलिपि,

ङ) बढुवा भएको भए बढुवा नियुक्तिपत्रको प्रतिलिपि,

च) सम्बन्धित तह र श्रेणीमा अविच्छिन्न रूपमा सेवा गरेको, गयल भएको वा असाधारण विदा वा वेतलवी विदा लिए/नलिएको, बढुवाको सम्भाव्य उम्मेदवार हुन असर पर्ने कुनै कारवाही नभएको व्यहोरासम्बन्धी यस आयोगको वेवसाइट ( www.tsc.gov.np ) मा रहेको शिक्षण अनुभव तथा सेवा अविछिन्नता सम्बन्धी फाराममा शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणित कागजात।

छ) १० महिने तालिम र टि.पि.डि.तालिमसम्बन्धी एकीकृत प्रमाणपत्रहरू,

ज) द्वितीय श्रेणीमा बढुवाको निमित्त उम्मेदवार हुनेहरूले अस्थायी सेवा गरेको भए सो को नियुक्ति पत्र, सरुवा पत्र र सेवा निरन्तरता सिफारिस पत्र,

झ) उच्च प्रा.शि.बाट प्रा.शि. द्वितीय श्रेणी वा नि.मा.शि.तृतीय श्रेणीमा र नि.मा. द्वितीय श्रेणीबाट मा.तृतीय श्रेणीमा पदस्थापन भएको भए सोको प्रमाणित प्रतिलिपि,

ञ) दलित र अपाङ्गता भएका उम्मेदवारले सो सम्बन्धी आधिकारिक निकायबाट प्रमाणित कागजात,

ट) उपर्युक्त कागजातहरू उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

**३. दरखास्त दस्तुर :**

| क्र.सं. | तह र श्रेणी | परीक्षा दस्तुर रु | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तह, द्वितीय श्रेणी | ७००।- | **तोकिएको परीक्षा दस्तुर शिक्षक सेवा आयोगको कार्यालय कोड नम्वर ३५०२१३३०३ एवम् सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने बैंकको खाता नम्वर यकिन गरी राजस्व शिर्षक नं. १४२२४ मा रकम जम्मा गरी सो को सक्कल भौचर दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ ।** |
| २ | प्राथमिक तह, प्रथम श्रेणी | १०००।- | |
| ३ | निम्न माध्यमिक तह ,द्वितीय श्रेणी | १०००।- | |
| ४ | निम्नमाध्यमिक तह, प्रथम श्रेणी | १,२००।- | |
| ५ | माध्यमिक तह, द्वितीय श्रेणी | १,२००।- | |
| ६ | माध्यमिक तह, प्रथम श्रेणी | १,५००।- | |

**४. थप जानकारी :-**

क) शिक्षक बढुवाको प्रतिस्पर्धा जिल्लास्तरमा हुनेछ ।

ख) नोकरीको जेष्ठता २०७७ चैत्र मसान्तसम्म र शैक्षिक योग्यता तथा तालिमको मूल्याङ्कन दरखास्त दिने अन्तिम मितिसम्मको मात्र गणना हुनेछ ।

ग) उम्मेदवारले पेश गर्नुपर्ने कागजातको सिलसिलेवार सूची आयोगको वेवसाइट बाट डाउनलोड गरी प्राप्त गर्नुपर्नेछ र सो बमोजिमको कागजात क्रमश: संलग्न गर्नुपर्नेछ ।

उप-सचिव